**मिति २०७५।१०।०२**

आज मिति २०७५ साल माघ २ गते बुधबारका दिन नेपालको संविधानको धारा २१६ अनुसार गठन भएको मेचीनगर नगर कार्यपालिकाको बैठक नगरपालिकाका श्रीमान् प्रमुख श्री विमल आचार्यज्यूको अध्यक्षतामा श्रीमान् उप प्रमुखज्यू र नगर कार्यपालिकाका देहायका सदस्यज्यूहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहायानुसार निर्णय गरियो ।

**उपस्थिति**

प्रमुख श्री विमल आचार्य, मेचीनगर नगरपालिका

उप प्रमुख श्री मीना पोखेल उप्रेती, मेचीनगर नगरपालिका

वडा अध्यक्ष श्री पासाङ्ग तामाङ्ग, वडा नं. १

वडा अध्यक्ष श्री तिलक न्यौपाने, वडा नं. २

वडा अध्यक्ष श्री हर्कबहादुर बस्नेत, वडा नं. ३

वडा अध्यक्ष श्री नवीन बराल, वडा नं. ४

वडा अध्यक्ष श्री योगेन्द्र थापा, वडा नं. ५

वडा अध्यक्ष श्री ललित तामाङ्ग, वडा नं. ६

वडा अध्यक्ष श्री चन्दन मेचे, वडा नं. ७

वडा अध्यक्ष श्री विकेन्द्र धिमाल, वडा नं. ८

वडा अध्यक्ष श्री गोपाल खड्का, वडा नं. ९

वडा अध्यक्ष श्री सुवेश पनेरु, वडा नं. १०

वडा अध्यक्ष श्री सन्तोषकुमार मेचे, वडा नं. ११

वडा अध्यक्ष श्री नरेन्द्र धिमाल, वडा नं. १२

वडा अध्यक्ष श्री कृष्ण सिग्देल, वडा नं. १३

वडा अध्यक्ष श्री शंकर पोखरेल, वडा नं. १४

वडा अध्यक्ष श्री गुणराज भट्टराई, वडा नं. १५

कार्यपालिका सदस्य श्री कृष्ण कनाल, मेचीनगर नगरपालिका

कार्यपालिका सदस्य श्री टीकारमा सार्की मगराँती, मेचीनगर नगरपालिका

कार्यपालिका सदस्य श्री पूर्ण मेचे, मेचीनगर नगरपालिका

कार्यपालिका सदस्य श्री विन्दा प्रसाईं, मेचीनगर नगरपालिका

कार्यपालिका सदस्य श्री कुश्मीकुमारी चौधरी, मेचीनगर नगरपालिका

कार्यपालिका सदस्य श्री लक्ष्मी पाखीन, मेचीनगर नगरपालिका

कार्यपालिका सदस्य श्री रुपा गुरुङ्ग, मेचीनगर नगरपालिका

कार्यपालिका सदस्य श्री निर्मला परियार, मेचीनगर नगरपालिका

सचिव श्री महेन्द्रकुमार खाम्याहाङ्ग, प्रमुख प्रशासकीय अधिकृत

**अन्य उपस्थिति**

१. ब. प्र. अ. श्री अनन्तप्रकाश वस्ती

२. शा. अ. श्री विक्रम लिम्बू,

३. ईन्जिनियर श्री कमलप्रसाद कोइराला

४. खाद्य विश्लेषक श्री दीपेन्द्र कार्की

५. कर अधिकृत श्री चक्रपाणि खनाल

**निर्णय नं. १.** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार सम्बद्ध कार्यविधि कार्यक्रम गर्न देहायको व्यवस्था हुने गरी स्वीकृत गर्न पेश भएको ' मेचीनगर नगरपालिका, अपाङ्गता भएको व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५' बैठकबाट सर्वसम्मत स्वीकृत गरियो ।

**निम्न:**

१. कार्यविधिको दफा ६ (१) को देहायका खण्डहरुमा निम्नानुसार मनोनयन गर्ने ,

खण्ड (ख) का. पा.सदस्य श्री रुपा गुरुङ्ग

खण्ड (ग) धुलावारी मा.वि. मेचीनगर- १० का प्रधानाध्यापक

खण्ड (घ) प्रा.स्वा. के. धुलावारीका प्रमुख

खण्ड (ङ) इलाका प्रहरी कार्यालय काकरभिट्टाका प्रमुख

खण्ड (च) समाज सुधार युवा अपाङ्गता सङ्घ, मे.न.पा-७

खण्ड (छ) मे.न.पा. ४ का श्री अनिष काफ्ले,

मे.न.पा.-९ का श्री सिर्जना कट्टेल

मे.न.पा.-१० का श्री प्रल्हाद खडका

**निर्णय नं. २.** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ अनुसार बैठकमा पेश भएको ' मेचीनगर नगरपालिका, टोल विकास संस्था सञ्चालन कार्यविधि, २०७५' सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३.** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार बैठकमा पेश भएको 'मेचीनगर नगरपालिका, युवा विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७५' सर्वसम्मत पारित गर्न निर्णय गरियो ।

**निर्णय नं. ४.** बैठकमा पेश भएको मेचीनगर नगरपालिका, होमस्टे (घरवास) सञ्चालन कार्यविधि, २०७५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार पारित गर्न निर्णय गरियो ।

**निर्णय नं. ५.** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार 'मेचीनगर नगरपालिका, शहिद, वेपत्ता र घाइते परिवार तथा दलित र विपन्न परिवारको विद्यार्थीका लागि शहिद वीरेन छात्रवृत्ति कोष सञ्चालन कार्यविधि, २०७५' सर्वसम्मत पारित गर्न निर्णय गरियो ।

**निर्णय नं. ६.** 'मेचीनगर नगरपालिका, विपन्न परिवारका महिलाको लागि सुत्केरी पोषण भत्ता वितरण सम्बन्धी कार्यविधि, २०७५' स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार सर्वसम्मत पारित गर्ने निर्णय गरियो । साथै कार्यविधिको दफा ३ को ३.१ (घ) मा व्यवस्था भएका सदस्यहरुमा मेचीनगर नगरपालिका वडा नं. ९ का **श्री मीना कामी** र वड नं. १० का श्री **अञ्जू वर्देवा**लाई मनोनयन गर्न समेत निर्णय गरियो ।

**<u>निर्णय नं. ७.</u>** सङ्घीय संसदको निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गत झापा जिल्लाको निर्वाचन क्षेत्र नं. १ अन्तर्गतको कार्यक्रममा विनियोजन भई आएको कार्यक्रम र बजेटमा कार्यक्रमको आधारमा बजेट अपुग भएकोमा सम्बन्धित क्षेत्रका माननीय सांसदज्यूहरुसँग समेत बजेटको सुनिश्चितता हुन छलफल र अनुरोध गर्ने गरी हाललाई क्रमागत आयोजनाको रुपमा कार्यान्वयन गर्न निर्णय गरियो ।

**<u>निर्णय नं. ८.</u>** मेचीनगर नगरपालिकाका पदाधिकारीहरुको औषधिउपचार समेत खर्च हुने गरी तोकिएको बजेट शर्षिकमा सभाबाट बजेट व्यवस्थापन गर्ने गरी प्रमुखज्यू र उपप्रमुखज्यू को निर्देशनानुसार प्रमुख प्रशासकीय अधिकृतले खर्च लेख्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ९.</u>** मेचीनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट विगत आ.व. हरुमा आयोजना सञ्चालन भई भुक्तानीको लागि अन्तिम अवस्थामा पुगेको आयोजनाको कागजात भएको, तर हालको बजेटमा बजेट व्यवस्था ( कार्यक्रम र बजेट ) नहुँदा भुक्तानी गर्नुपर्ने देखिएको रकम र कार्यक्रमको परिसर मर्मत सम्भार गर्नुपर्ने आयोजनाको लागत रकम नगरपालिकाको मर्मत सम्भार कोषबाट भुक्तानी लेख्ने गरी कार्य हुन निर्णय गरियो । वडा नं. १ गाडागल्ली जाने बाटो रु. ३,६१,६००।०० र वडा नं. ८ पालिया नदी तटबन्धन रु. ३,५०,०००।०० ।

**<u>निर्णय नं. १०.</u>** मेचीनगर नगरपालिकाको सार्वजनिक सेवा तथा क्षमता विकास समितिका संयोजक श्री विन्दा प्रसाईज्यूले बैठकमा सबै वडामा गरेको अनुगमनको प्रतिवेदन पेश गर्नुभएको र वडाका मेलमिलाप समितिको गुनासोहरुलाई उचिततवरले बजेट र कानुन बनाई क्रमिकरुपमा संवोधन हुँदै लैजान निर्णय गरियो ।

**<u>निर्णय नं. ११.</u>** हाल नगरपालिकाको कार्यालयबाट सेफ्टी टैङ्कीको सेवा मर्मत लागत र औचित्यका हिसावले छलफल हुँदा व्यक्तिले समेत उक्त सेवा सञ्चालन गर्न सक्ने र नगरपालिकाको कोषको खर्च कम गर्न तथा आगामी २ महिना भित्रमा स्लज मेनेज्मेन्ट परियोजना सम्पन्न हुने सुनिश्चित भएकोले दुई महिनापछि उक्त सेवा प्रवाह नहुन कार्यालयलाई निर्देशन गर्ने र त्यस खालको सेवा निजी क्षेत्रबाट प्रवाह गर्न प्रवर्धनात्मक कार्य गर्न निर्णय गरियो ।

**<u>निर्णय नं. १२.</u>** जिल्लालाई मादक पदार्थ सेवन नियन्त्रण र न्यूनीकरण गरी सामाजिक अपराध रोकथाम गर्न घरेलु जाँड, रक्सी उत्पादनमा रोकावट र नियन्त्रण गर्न आआफ्नो वडामा नागरिक परिचालन स्वयम्सेवीरुपमा गर्न गराउन निर्णय गरियो ।

**<u>निर्णय नं. १३.</u>** नगरपालिकाबाट ठेक्का लगाइएको नदीजन्य निर्माण सामाग्री उत्खनन्, संकलन र विक्रि वितरणको कार्य स्वीकृत IEE अनुसार हुन गराउन सवै वडाध्यक्षले आआफ्नो वडामा अनुगमन गर्न निर्णय गरियो ।

**<u>निर्णय नं. १४.</u>** मेचीनगर नगरपालिकाको नगर गौरवको रुपमा विस्तारित रिङ्ग रोडको सम्भाव्यता अध्ययन तथा विस्तृत परियोजना प्रतिवेदन तयार गर्न नियुक्त परामर्शदाता निकायलाई विस्तारित Ring Road को Allignment तयार गर्न सम्बद्ध पक्षसँग समन्वय हुन, गराउन नगर कार्यपालिका भौतिक पूर्वाधार समितिका संयोजक **श्री कृष्ण कनाललाई** जिम्मेवारी दिने निर्णय गरियो ।

**<u>निर्णय नं. १५.</u>** मेचीनगर नगरपालिका क्षेत्रमा अन्य नगरपालिकाबाट स्थानान्तरण भई आउने निजी विद्यालयलाई स्थानान्तरण अनुमति दिन हालको कानूनी व्यवस्थामा स्पष्टता नभएसम्म स्थगित गरी अनुमति नदिन निर्णय गरियो ।

**<u>निर्णय नं. १६.</u>** आगमी नगर सभावाट Project List एकिन गरी Project Banks कार्यान्वयन गर्न निर्णय गरियो ।

**निर्णय नं. १७.** मेचीनगर नगरपालिकाको वडा नं. ६, ७ र ९ मा वडा कार्यालयको नाममा रहेको पानी र विजुलीको लाइनवाटै अन्यले समेत सेवा लिई महशुल नतिरेकाले वडाको पानी र विजुली महशुल अस्वभाविक भएको सो महशुल कार्यालयबाट भुक्तानी हुन औचित्यहिन भएको हुँदा पुष महिना सम्मको भुक्तानी गरी अव उप्रान्त सम्वन्धित सेवाग्राहीले नै महशुल तिर्ने व्यवस्था मिलाउन सम्वन्धित वडाध्यक्षज्यूहरुलाई लेखी पठाउन निर्णय गरियो ।

**निर्णय नं.१८.** नगरपालिका भित्र विभिन्न निकायबाट सञ्चालन हुने सचेतनामूलक तथा परामर्शदायी कार्यक्रम सञ्चालन गर्ने पक्षलाई कार्यक्रम सहयोग माग भई आएको सन्दर्भमा उचित बजेट शीर्षक कायम गरी श्रीमान् प्रमुखज्यू र उपप्रमुखज्यूको निर्देशानुसार खर्च लेख्ने र सो कार्य आगामी नगर सभाबाट अनुमोदन हुन निर्णय गरियो ।

**निर्णय नं १९.** नगर कार्यपालिकाको बैठकमा आमन्त्रितरुपमा उपस्थित का.पा. सदस्य बाहेकका सचिव तथा अन्यलाई समेत सदस्यसरह प्रति बैठक रु. २,०००। बैठक भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. २०.** मेचीनगर नगरपालिका, नगर सभा र नगरपालिकाबाट स्वीकृत भएको ऐन, तथा नियमावाली, निर्देशिका र मापदण्ड, कार्यविधि लगायत स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (३) अनुसार स्थानीय राजपत्रमा प्रकाशन भएपछि मात्र कानूनका रुपमा लागु हुने कानूनी व्यवस्था भएको सन्दर्भमा प्रमुख प्रशासकीय अधिकृतले अविलम्ब जुनसुकै अवस्थामा राजपत्र छपाउन र बजेट नभए आगामी बजेटबाट बजेट व्यवस्थापन हुन, गर्न निर्णय गरियो ।

**निर्णय नं. २१.** नेपाल सरकारबाट चालु आ.व. २०७५/०७६ को लागि प्राप्त सशर्त अनुदान वापदको नमूना विद्यालय कार्यक्रममा विनियोजित भई आएको रकम रु. २०,८२,०००। (२६६१२) र रु. १,०७,८५,०००। ( २६६१२) को कार्यान्वयनको सन्दर्भमा साविक शिक्षा विभागबाट जारी भएको नमूना विद्यालय व्यवस्थापन निर्देशिका, २०७४ अनुसार नमूना विद्यालय गुरुयोजना स्वीकृत भएको श्री धुलावारी मा.वि.मे.न.पा, वडा नं. १०, झापाबाट तोकिएको खरिद प्रक्रिया पूरा गर्ने गराउने गरी यस नगर कार्यपालिकाको कार्यालयबाट प्रगतिका आधारमा निकासा हुने गरी व्यवस्था मिलाउने गरी कार्यान्वयन हुन निर्णय गरियो ।

**निर्णय नं. २२.** कार्यालयको कार्यलाई चुस्त, दुरुस्त र व्यवस्थित गराउन कार्यालयमा सी.सी.टी.भी लगायतको सेवा व्यवस्थापन गर्नुपर्ने भएको हुँदा आगामी नगर सभावाट बजेट व्यवस्थापन गरी शोध भर्ना हुने गरी हाललाई मर्मत सम्भार कोषबाट खर्च लेखी उल्लेखित उपकरण व्यवस्थापन गर्ने तथा दमकल घर र अर्को Building मा फर्निचर र रङ्ग रोगन समेत उल्लेखितानुसार गर्न गराउने गरि निर्णय गरियो ।